कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २५३ ❐ बिहीवार, ११ असार, २०८३ ❐ Thursday, 25 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

स्थानीय तहको बजेट

सुर्खेतका अधिकांश पालिकामा विकासभन्दा प्रशासन महँगो, चालु खर्चले पूँजीगत बजेटलाई उछिन्यो

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १० असार

सुर्खेत जिल्लाका नौवटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि वार्षिक बजेट सार्वजनिक गरेका छन् । बजेटका प्राथमिकतामा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारी, खानेपानी, पर्यटन प्रवर्द्धन तथा सूचना प्रविधि परे पनि अधिकांश पालिकाको बजेट संरचनाले विकास निर्माणभन्दा प्रशासनिक तथा नियमित खर्चलाई बढी प्राथमिकता दिएका छन् ।

संवैधानिक व्यवस्थाअनुसार १० असारभित्र बजेट ल्याउनुपर्ने प्रावधान अनुसार पालिकाहरूले बजेट सार्वजनिक गरेका हुन् । सार्वजनिक बजेटको अध्ययन गर्दा वीरेन्द्रनगर नगरपालिका बाहेक अधिकांश स्थानीय तहमा चालु खर्च पूँजीगत खर्चभन्दा उल्लेख्य रूपमा बढी देखिएको छ ।

वीरेन्द्रनगरको बजेटमा विकासलाई प्राथमिकता

जिल्लाकै सबैभन्दा ठूलो स्थानीय तह वीरेन्द्रनगर नगरपालिकाले आगामी आर्थिक वर्षका लागि ४ अर्ब ७१ करोड २ लाख ७२ हजार रुपैयाँको बजेट ल्याएको छ । नगर उपप्रमुख नीलकण्ठ खनालले प्रस्तुत गरेको बजेटमा चालुतर्फ १ अर्ब ६८ करोड ३१ लाख ८९ हजार रुपैयाँ र पूँजीगततर्फ ३ अर्ब २ करोड ७० लाख ८२ हजार रुपैयाँ विनियोजन गरिएको छ ।







यो बजेटमा कुल खर्चको ६४ प्रतिशत हिस्सा विकास निर्माण तथा पूँजीगत क्षेत्रमा छुट्याइएको छ भने ३६ प्रतिशत चालु खर्चमा राखिएको छ । अन्य पालिकाको तुलनामा वीरेन्द्रनगरले विकासमुखी बजेट संरचना प्रस्तुत गरेको देखिन्छ । नगरपालिकाले संघीय तथा प्रदेश अनुदान, राजस्व बाँडफाँड, आन्तरिक आय, सामाजिक सुरक्षा अनुदान र बैंक मौज्दातलाई बजेटको प्रमुख स्रोत बनाएको छ ।

गाउँपालिकामा चालु खर्चको दबाब

बराहताल गाउँपालिकाले ६३ करोड ६ लाख ९६ हजार रुपैयाँको बजेट ल्याएको छ । गाउँपालिकाले कुल बजेटको ६८ प्रतिशत पूँजीगत र ३२ प्रतिशत चालुतर्फ विनियोजन गरेको जनाएको छ । तर चौकुने गाउँपालिकाले ६० करोड ७४ लाख १६ हजार रुपैयाँको बजेट सार्वजनिक गर्दा चालुतर्फ ४० करोड ८६ लाख रुपैयाँ र पूँजीगततर्फ १९ करोड ८७ लाख रुपैयाँ मात्रै विनियोजन गरेको छ । यसले प्रशासनिक खर्च विकास बजेटभन्दा दोब्बरभन्दा बढी रहेको देखाउँछ । सिम्ता गाउँपालिकाले ६० करोड ६४ लाख ३० हजार रुपैयाँको बजेट ल्याएको छ । चालुतर्फ ४४ करोड ४१ लाख रुपैयाँ र पूँजीगततर्फ १६ करोड २३ लाख रुपैयाँ विनियोजन गरिएको छ । चालु खर्चको तुलनामा पूँजीगत बजेट झण्डै तीन गुणा कम छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत धनिराम शर्माका अनुसार कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेर बजेट निर्माण गरिएको हो ।

यस्तै चिङ्गाड गाउँपालिकाले ४४ करोड ४६ लाख ३३ हजार रुपैयाँको बजेट ल्याएको छ । यसमध्ये ३३ करोड १ लाख ८१ हजार रुपैयाँ चालु खर्चमा र ११ करोड ४४ लाख ५२ हजार रुपैयाँ मात्रै पूँजीगततर्फ छुट्याइएको छ । बजेट संरचनाले विकास निर्माणका कार्यक्रम सीमित हुन सक्ने संकेत गरेको छ ।

नगरपालिकाहरूमा पनि चालु खर्च हाबी

गुर्भाकोट नगरपालिकाले १ अर्ब ८ करोड रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद पोखरेलका अनुसार चालुतर्फ ६० करोड रुपैयाँ र पूँजीगततर्फ ४८ करोड ९२ लाख रुपैयाँ विनियोजन गरिएको छ । पञ्चपुरी नगरपालिकाले ६९ करोड ६२ लाख ३४ हजार रुपैयाँको बजेट ल्याएको छ भने लेकवेशी नगरपालिकाले ६९ करोड ३९ लाख २४ हजार ६ सय १ रुपैयाँको बजेट सार्वजनिक गरेको छ । लेकवेशीमा चालुतर्फ ४६ करोड ४१ लाख रुपैयाँ र पूँजीगततर्फ २२ करोड ९८ लाख रुपैयाँ विनियोजन गरिएको छ । यसैगरी भेरीगंगा नगरपालिकाले प्रारम्भिक रूपमा ४३ करोड रुपैयाँ बराबरको बजेट प्रस्ताव गरेको भए पनि संघीय अनुदानको अन्तिम सिलिङ नआएकाले पूर्ण बजेट विवरण सार्वजनिक हुन बाँकी रहेको जनाएको छ । स्थानीय तहहरूले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा उत्पादनमुखी कार्यक्रमलाई प्राथमिकता दिएको दाबी गरे पनि बजेटको संरचनाले अधिकांश पालिकामा चालु खर्चको हिस्सा अत्यधिक रहेको देखाएको छ । स्थानीय सरकारको प्रभावकारिता मापन गर्दा पूँजीगत खर्चको अनुपात महत्वपूर्ण मानिन्छ । अधिकांश पालिकाले अघिल्ला वर्षका कार्यक्रमलाई पनि निरन्तरता दिएका छन् ।

हिजो राति मतदान र गणना आज बिहान दोस्रो चरणको निर्वाचन

❐ **काँक्रेविहार संवाददाता**
चितवन, १० असार

राष्ट्रिय स्वतन्त्र पार्टीको पहिलो महाधिवेशनमा केन्द्रीय सदस्य चयनका लागि हुने मतदानको तयारी अन्तिम चरणमा पुगेको छ ।

विद्युतीय मतदान मेसिनमा उम्मेदवारहरुको नाम प्रविष्ट गर्ने काम भइसकेको छ भने मतदातालाई मतदान गर्ने तरिकाबारे जानकारी पनि गराइएको छ ।

बुधवार राति साढे ८ बजेदेखि मतदान सुरु गर्ने निर्वाचन आयोगको कार्यतालिका छ । एक जनाले मतदान गर्न दशदेखि १२ मिनेट समय लाग्ने अनुमान गरिएको छ ।

नेता मनिष झाले राति ४ देखि ५ घण्टा लाग्नसक्ने बताए । उनका अनुसार राति नै मतदान सकिन्छ भने मतदान सकिए लगत्तै मतगणना गरिने छ ।

बिहीवार बिहान निर्वाचन आयोगले पदाधिकारी चयनका लागि दोस्रो चरणको निर्वाचन तालिका सार्वजनिक गर्ने पनि उनले जानकारी दिए ।

बिहीवार साँझसम्म सबै काम सकिन्छ र महाधिवेशन सम्पन्न हुन्छ- झाले भने ।

९९ केन्द्रीय सदस्यका लागि ३८४ जनाको उम्मेदवारी परेको छ ।

दोस्रो चरणमा २ उपसभापति (एक महिलासहित), १ महामन्त्री र ३ सहमहामन्त्री चयनका लागि निर्वाचन हुने छ । निर्वाचित केन्द्रीय सदस्यहरु मात्र पदाधिकारीमा उम्मेदवार बन्न सक्छन् ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

भूमिहीनलाई तत्काल लालपुर्जा वितरण गर्न सिडिओमार्फत प्रधानमन्त्रीको ध्यानाकर्षण

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १० असार

सुर्खेतको भेरीगंगा नगरपालिकाभित्र बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी तथा अधुरा, अपूरा जग्गाधनी परिवारहरूले आफूहरूलाई यथाशीघ्र भूमि स्वामित्व प्रदान गर्न सरकारसँग माग गरेका छन् खाद्य अधिकार सञ्जाल भेरीगंगाको नेतृत्वमा बुधबार सुर्खेतका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय



भूमि समस्या समाधान आयोगको ध्यानाकर्षण गराइएको हो । सञ्जालका संयोजक गणेशबहादुर वलीले हस्ताक्षर गरेको ज्ञापनपत्रमा विभिन्न कालखण्डमा भूमि सम्बन्धी आयोग गठन भए पनि सरकार परिवर्तनसँगै आयोगका पदाधिकारी फेरबदल हुने क्रमले वास्तविक भूमिहीनहरूको समस्या समाधान हुन नसकेको उल्लेख गरिएको छ । लामो समयदेखि भूमि स्वामित्व नपाउँदा हजारौं परिवार असुरक्षित र अनिश्चित जीवनयापन गर्न बाध्य भएको उनीहरूको भनाइ छ ।

ज्ञापनपत्रमा भेरीगंगा नगरपालिकाभित्र हाल ९४ भूमिहीन दलित परिवार, ७९ भूमिहीन सुकुम्बासी परिवार, ६ हजार चार सय ८१ अव्यवस्थित बसोबासी परिवार तथा तीन हजार एक सय ५८ अधुरा-अपूरा जग्गामा बसोबास गर्ने परिवार रहेको जनाइएको छ । ती सबै परिवार बाँकी पृष्ठ २

छाडा पशु-चौपायाको संरक्षण गरौं

छाडा पशु-चौपायाका कारणले:

- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटविरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,

त्यसैले,

- पशु-चौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडकछेउमा पशु-चौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशु-चौपायाको नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

बिहीवार, ११ असार, २०८३
Thursday, 25 June 2026

सम्पादकीय

हरियो सुन कहिलेसम्म कच्चै बेच्ने ?

कर्णाली प्रदेश प्राकृतिक सम्पदाले धनी प्रदेश हो । हिमाल, वन, जलस्रोत र जैविक विविधतासँगै जडीबुटी पनि कर्णालीको पहिचान र सम्भावनाको महत्वपूर्ण आधार हो । प्रदेशका उच्च हिमाली तथा पहाडी क्षेत्रमा पाइने बहुमूल्य जडीबुटीले आर्थिक समृद्धिको ढोका खोल्न सक्ने क्षमता राख्छन् । तर विडम्बना, यति ठूलो सम्भावना हुँदाहुँदै पनि कर्णालीले आजसम्म यसको वास्तविक लाभ लिन सकेको छैन । जडीबुटी संकलन गर्ने स्थानीय नागरिकले आफ्नो श्रमअनुसारको प्रतिफल पाउन सकेका छैनन् । पहाड र हिमालका विकट भूभागमा जोखिम मोलेर संकलन गरिएका बहुमूल्य जडीबुटी न्यून मूल्यमा व्यापारीलाई बेच्नुपर्ने बाध्यता छ । त्यसपछि हुने प्रशोधन, प्याकेजिङ र निर्यातबाट सिर्जना हुने अतिरिक्त लाभ भने बाहिरी बजार र बिचौलियाको हातमा पुगिरहेको छ । यसको अर्थ, कर्णालीले आफ्नो सम्पदाको वास्तविक मूल्य गुमाइरहेको छ । सबैभन्दा चिन्ताजनक पक्ष के हो भने समस्या नयाँ होइन। वर्षौंदेखि जडीबुटी प्रशोधन उद्योग स्थापना, अनुसन्धान केन्द्र निर्माण र मूल्य अभिवृद्धिमार्फत निर्यात बढाउने विषय सरकारी दस्तावेजमा दोहोरिँदै आएको छ । कर्णाली प्रदेश सरकारका दुवै पञ्चवर्षीय योजनाले जडीबुटीलाई आर्थिक समृद्धिको प्रमुख आधार मानेका छन् ।

नीति तथा कार्यक्रम, बजेट भाषण र सार्वजनिक अभिव्यक्तिमा पनि जडीबुटी प्रशोधन उद्योग स्थापना गर्ने प्रतिबद्धता बारम्बार दोहोरिन्छ । तर व्यवहारमा उपलब्धि शून्यप्रायः छ । सरकारले बजेट छुट्याउने तर खर्च गर्न नसक्ने प्रवृत्ति पनि यो क्षेत्रमा देखिएको छ। चालु आर्थिक वर्षमा जडीबुटी प्रशोधन उद्योगका लागि विनियोजन गरिएको रकमसमेत खर्च हुन नसक्नु केवल प्रशासनिक कमजोरी मात्र होइन, कार्यान्वयन क्षमतामाथिको प्रश्न पनि हो। योजना बनाउने र घोषणा गर्ने काम सजिलो छ, तर त्यसलाई कार्यान्वयनमा रूपान्तरण गर्न नसक्नु राज्यको गम्भीर कमजोरी हो । झन् विडम्बना त के छ भने जडीबुटी क्षेत्रको विकासका लागि करोडौँ रूपैयाँ खर्च गरेर निर्माण गरिएको पूर्वाधारसमेत उपयोगविहीन बनेको छ। वीरेन्द्रनगरमा निर्माण गरिएको जडीबुटी संकलन तथा प्रशोधन केन्द्र दशकभन्दा बढी समयदेखि पूर्ण सञ्चालनमा आउन सकेको छैन । चार करोड रूपैयाँभन्दा बढी लगानी गरिएको संरचना प्रयोगमा नआउनु सार्वजनिक स्रोतको दुरूपयोगकै अर्को उदाहरण हो । कर्णालीको अर्थतन्त्र अझै पनि संघीय अनुदानमा निर्भर छ । प्रदेशको आफ्नै आन्तरिक आयका स्रोत सीमित छन् । यस्तो अवस्थामा जडीबुटी क्षेत्रले प्रदेशलाई आर्थिक रूपमा बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ । यदि प्रशोधन उद्योग स्थापना गर्न सकियो भने स्थानीय स्तरमै रोजगारी सिर्जना हुनेछ, किसान र संकलकले राम्रो मूल्य पाउनेछन्, निजी क्षेत्रको लगानी आकर्षित हुनेछ र प्रदेशको राजस्वसमेत बढ्नेछ ।

कच्चा जडीबुटीभन्दा प्रशोधित उत्पादनको मूल्य कैयौँ गुणा बढी हुने तथ्यले पनि यसको सम्भावना पुष्टि गर्छ । अब कर्णालीले केवल जडीबुटी बेच्ने होइन, जडीबुटीबाट उत्पादन बेच्ने सोच विकास गर्नुपर्छ । त्यसका लागि स्पष्ट नीति, लगानीमैत्री वातावरण, अनुसन्धान तथा गुणस्तर परीक्षण प्रणाली, भण्डारण पूर्वाधार र उद्योग स्थापना आवश्यक छ। निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, कानुनी जटिलता हटाउने र निर्माण भएका संरचनालाई सञ्चालनमा ल्याउने जिम्मेवारी सरकारकै हो । कर्णालीको समृद्धिको बहस धेरै वर्षदेखि चलिरहेको छ । तर समृद्धि केवल भाषण, योजना र बजेटका पानाबाट प्राप्त हुँदैन। त्यसका लागि सम्भावनालाई उत्पादनमा, उत्पादनलाई उद्योगमा र उद्योगलाई आम्दानीमा रूपान्तरण गर्न सक्नुपर्छ । जडीबुटी क्षेत्रमा कर्णालीसँग यही अवसर छ । प्रश्न केवल यति हो, कर्णालीले आफ्नो हरियो सुन कहिलेसम्म कच्चै बेचिरहने ?

विश्वकपको 'फ्ल्यासब्याक' :

'ब्ल्याक एन्ड ह्वाइट'को उत्साहदेखि स्मार्ट स्क्रिनको मज्जासम्म



✍ एलपी देवकोटा



अहिले फुटबलको महाकुम्भ विश्वकपको माहौल छ । चिया पसल, चौतारा, घरदेखि कार्यालयसम्म विश्वकपकै चर्चा सुनिन्छ । विश्वकप फुटबलले विश्वभरका खेलप्रेमीलाई जस्तै मलाई पनि बाल्यकालका थुप्रै सम्झनाहरूमा पुऱ्याएको छ । जुम्लाको दुर्गम गाउँमा 'ब्ल्याक एन्ड ह्वाइट' टेलिभिजनमा गाउँभरिका मानिसहरू जम्मा भएर हेरेको विश्वकप र आज परिवारसँग ६५ इन्चको स्मार्ट टीभी तथा प्रोजेक्टरमा हेर्दाको अनुभवबीचको फरक सम्झँदा समयको अद्भूत यात्रा महसुस हुन्छ ।

'ब्ल्याक एन्ड ह्वाइट टीभी'मा देखिएको पहिलो विश्वकप

२०५५ साल (सन् १९९८) तिरको कुरा हो । म करिब आठ वर्षको थिएँ । त्योबेला जुम्लामा टेलिभिजन भएका घरहरू निकै कम थिए । मेरा बा पुरीचन्द देवकोटाले तरकारी लगाउने बारीमा ठूलो डिस एन्टेना जडान गर्न लगाउनुभयो । गाउँका अंकल र दाइहरू दुई दिनसम्म मेहनत गरेर ठूलो कालो डिस छाता जोड्न सफल हुनुभयो । त्यो मेहनत खेर गएन, किनकि त्यसपछि हाम्रो घर विश्वकप हेर्ने साझा केन्द्रजस्तै बन्यो ।

घरमा १४ इन्चको 'ब्ल्याक एन्ड ह्वाइट' टीभी थियो । नेपाली च्यानलहरू खासै देखिँदैन्थे, अधिकांश भारतीय च्यानलहरू आउँथे । दिउँसो रामायण, महाभारत र विभिन्न सिरियलहरू हेर्ने गरिन्थ्यो भने राति खेलकुद च्यानलहरू आउँथे । खेलकुद र अन्य च्यानलका लागि डिसको दिशा फरक-फरक भएकाले दिनरात छाता घुमाउनुपर्ने अवस्था थियो ।

विश्वकप मेरा लागि केवल खेल होइन, जीवनका सुन्दर अध्यायहरू पुनः एकपटक बाँच्ने अवसर पनि हो ।

त्योबेला हामीलाई कुन देश खेल्दैछ, कुन खेलाडी प्रसिद्ध छ भन्ने धेरै थाहा थिएन । केवल फुटबल हेर्न पाइयो भने पनि हामी दङ्ग पर्थ्यौं । तर, विश्वकपको रोमाञ्च भने त्यतिबेलै हाम्रो मनमा बसिसकेको थियो । गाउँभरिका मानिसहरू एउटै कोठामा खचाखच बसेर रातभर खेल हेर्दा जुन सामूहिक आनन्द, आत्मीयता र अपनत्व महसुस हुन्थ्यो, त्यो आजको अत्याधुनिक प्रविधिले पनि सायदै दिन सक्छ । खेल मैदान टाढा थियो, तर विश्वकपले गाउँका सबैलाई एउटै भावनामा बाँधिदिएको थियो ।

बासँग हेरेको विश्वकप र छोरासँग हेर्दाको फरक

समयसँगै विश्वकप हेर्ने शैली मात्र होइन, खेललाई बुझ्ने तरिका पनि बदलिएको छ । बासँग बसेर खेल हेर्दा फुटबल भनेको केवल एउटा खेल थियो । कुन देश, कुन खेलाडी, कति गोल, कति रेकर्ड भन्ने जानकारी सीमित हुन्थ्यो । खेल हेर्ने खुसी नै सबैभन्दा ठूलो कुरा थियो ।

आज छोरासँग बसेर विश्वकप हेर्दा अवस्था फरक छ । खेल सुरु हुनुअघि नै उसले खेलाडीहरूको तथ्यांक सुनाउँछ- कसले कति विश्वकप खेलेको छ, कति गोल गरेको छ, कुन टोलीको रणनीति कस्तो छ, कसले कति कीर्तिमान बनाएको छ । प्रविधिको विकाससँगै जानकारीको पहुँच यति सहज भएको छ कि अहिलेको पुस्ताले खेललाई अझ गहिरोसँग बुझ्न पाएको छ ।

मैले १९९८, २००२ र २००६ का विश्वकपहरू ब्ल्याक एन्ड ह्वाइट टीभीमा हेर्रें । २०१० पछि मात्र रङ्गीन टीभीमा विश्वकप हेर्ने अवसर मिल्यो । आज २०२६ मा प्रोजेक्टर र स्मार्ट स्क्रिनमा खेल हेर्दा खेलको अनुभव नै अर्को स्तरको बनेको छ । तर, कहिलेकाहीं लाग्छ- प्रविधिले दृश्यलाई स्पष्ट बनायो, तर पुराना दिनहरूको सामूहिकता र आत्मीयता भने कतै धमिलो बनाइदियो ।

फाटेको मोजाको बलदेखि फुटसलसम्म

विश्वकपसँगै बाल्यकालका खेलकुदका सम्झनाहरू पनि ताजा हुन्छन् । त्योबेला नयाँ फुटबल किन्ने अवस्था थिएन । पुराना फाटेका मोजा जम्मा गरेर बल बनाइन्थ्यो, र त्यही बलले घण्टौं खेलिन्थ्यो ।

विद्यालयको मध्याह्न विश्राम होस् वा विद्यालय छुट्टेपछि साँझको समय, हाम्रो मुख्य मनोरञ्जन त्यही मोजाको बल थियो । बिदाको दिन त एक गाउँका युवाहरू अर्को गाउँसँग प्रतिस्पर्धा गर्न टिम बनाएर खेल्थे । धान काटिसकेपछि खाली भएका खेतहरू नै हाम्रो खेल मैदान बन्थे । गोल पोस्टका लागि ढुंगा राखिन्थ्यो, रेफ्री हुँदैनथ्यो, नियमहरू पनि धेरै औपचारिक थिएनन् । तर, खेलप्रतिको जोश र जित्ने चाहना भने कुनै अन्तर्राष्ट्रिय प्रतियोगिताभन्दा कम थिएन ।

त्यो समय जुम्लामा दसैं-तिहारको अवसरमा मात्रै फुटबल प्रतियोगिता आयोजना हुने गर्थ्यो । अहिले पनि खेल मैदानको अभाव, व्यवस्थापनका समस्या र प्रतियोगिताका क्रममा हुने विवादका कारण नियमित खेल गतिविधि कमै छन् । तर, फुटबलप्रतिको मोह भने घटेको छैन, बरु झन् बढ्दै गएको छ ।

आज जुम्लामा फुटसल निर्माण भएका छन् । बिहान र बेलुका युवाहरू फुटसल खेलिरहेका भेटिन्छन् । हामी पनि कहिलेकाहीं फुटसल खेल्ने गर्छौं । शहरहरूमा त टोल-टोलमा फुटसल सञ्चालनमा छन् । फुटबल र फुटसल प्रतियोगिताहरू नियमित भइरहेका छन् । समय बदलिएको छ, तर बल पछ्याउने सपना भने उस्तै छ ।

समय बदलियो, उत्साह उस्तै छ

२८ वर्षअघि गाउँका मानिसहरू एउटै टीभीअगाडि बसेर विश्वकप हेर्थे । आज प्रत्येक व्यक्तिको हातमा स्मार्टफोन छ, जहाँबाट विश्वकप प्रत्यक्ष हेर्न सकिन्छ । प्रविधि, सुविधा र जानकारीको पहुँचमा ठूलो परिवर्तन आएको छ । तर, फुटबलप्रतिको उत्साह, खेलप्रतिको प्रेम र विश्वकपले जगाउने रोमाञ्च भने उस्तै छ ।

ब्ल्याक एन्ड ह्वाइट टीभीको धमिलो पर्दादेखि आजको एचडी स्क्रिनसम्म आइपुग्दा धेरै कुरा बदलिएका छन् । डिस छाता घुमाउँदै सिग्नल खोज्ने दिनहरू बिते, फाटेका मोजाको बलले खेल्ने बालापन पनि सम्झनामा सीमित भयो । बुबासँग बसेर खेल हेर्ने दिनहरू विस्तारै समयको पानामा दर्ज भए, र आज त्यही स्थानमा छोरासँग बसेर नयाँपुस्ताको उत्साह नियालिरहेको छु ।

सायद यही नै जीवनको सबैभन्दा सुन्दर यात्रा हो- एउटा पुस्ताले देखेको सपना अर्को पुस्ताले अझ स्पष्ट रूपमा देख्नु । विश्वकप केवल खेल होइन, यो समय, सम्झना, परिवार र पुस्ताहरूलाई जोड्ने भावनात्मक सेतु पनि रहेछ । त्यसैले हरेक चार वर्षमा विश्वकप आउँदा मैदानमा खेलाडीहरू मात्र दौडिरहेका हुँदैनन्, सँगै दौडिरहेका हुन्छन् बाल्यकालका सम्झनाहरू, बुबाको साथ, गाउँको आत्मीयता र समयले छोडेका अनगिन्ती पथ चिह्नहरू । यही कारण विश्वकप मेरा लागि केवल खेल होइन, जीवनका सुन्दर अध्यायहरू पुनः एकपटक बाँच्ने अवसर पनि हो ।

कर्णालीमा २५ आधारभूत अस्पताल निर्माण अलपत्र

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १० असार

स्थानीय तहसम्म आधारभूत स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यले संघीय सरकारले सुरु गरेको "एक स्थानीय तह, एक आधारभूत अस्पताल" कार्यक्रम कर्णाली प्रदेशमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । योजना सुरु भएको पाँच वर्ष बितिसक्दा पनि प्रदेशका २५ स्थानीय तहमा अस्पताल निर्माणको काम सुरु हुन सकेको छैन भने निर्माणाधीन अधिकांश अस्पतालको प्रगति समेत सुस्त रहेको छ। आर्थिक वर्ष २०७७/०७८ मा पहिलो चरणअन्तर्गत कर्णालीका ४२ स्थानीय तह र २०७८/०७९ मा थप २७ स्थानीय तह गरी कुल ६९ पालिकामा पाँचदेखि १५ शय्यासम्मका आधारभूत अस्पताल निर्माण गर्ने योजना अघि बढाइएको थियो । तर हालसम्म ४४ स्थानीय तहमा मात्रै निर्माण कार्य सुरु भएको छ ।

प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका निमित्त निर्देशक डा. रविन खड्काका अनुसार जग्गा प्राप्तिको समस्या, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माणमा ढिलाइ तथा स्थानीय तहको प्राथमिकतामा अस्पताल निर्माण नपर्नु योजनाको मुख्य बाधा बनेको छ ।

कतिपय स्थानीय तहले संघीय सरकारले तोकेको मापदण्डअनुसारको जग्गा उपलब्ध गराउन नसकेको र केही स्थानमा डीपीआर नै तयार नभएकाले निर्माण प्रक्रिया रोकिएको उनले बताए ।

संघीय सरकारले पहिलो चरणमै कर्णालीका लागि ५२ करोड ७६ लाख २० हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

पाँच शय्याको अस्पतालका लागि ७० लाख, १० शय्याका लागि ८५ लाख र १५ शय्याका लागि एक करोड रुपैयाँसम्म बजेट उपलब्ध गराइएको थियो । तर आवश्यक प्रक्रिया पूरा हुन नसक्दा कतिपय स्थानीय तहमा बजेटसमेत खर्च हुन सकेन ।

जिल्लागत रूपमा हेर्दा डोल्पाका सातमध्ये कुनै पनि अस्पताल निर्माण सुरु भएको छैन। मुगुका तीन र हुम्लाका तीन अस्पतालको काम रोकिएको छ ।

जुम्लामा सातमध्ये चार र कालीकोटमा आठमध्ये पाँच अस्पताल निर्माणको काम अघि बढ्न सकेको छैन । दैलेखका केही स्थानीय तहमा काम सुरु भए पनि निर्माणको गति सन्तोषजनक छैन ।

सुर्खेतमा निर्माण गर्नुपर्ने आठ अस्पतालमध्ये छ वटा निर्माणाधीन छन् । तर तीन वर्षअघि सुरु भएका ती अस्पतालमध्ये कुनै पनि पूर्ण रूपमा सम्पन्न भएका छैनन् । स्वास्थ्य सेवा निर्देशनालयले बजेट अभाव, प्रक्रियागत जटिलता र निर्माण कार्यमा ढिलासुस्तीका कारण योजना प्रभावित भएको जनाएको छ । यसले दुर्गम क्षेत्रका नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने सरकारी लक्ष्यमा चुनौती थपिएको छ ।

भूमिहीनलाई...

कानुनी रूपमा भूमि स्वामित्वविहीन अवस्थामै बस्दै आएको भन्दै यसले सामाजिक सुरक्षा, आर्थिक स्थायित्व र सम्मानजनक जीवनयापनमा गम्भीर असर परेको उल्लेख गरिएको छ । सञ्जालका अनुसार करिब चार हजार एक सय ६० परिवारको आफ्नै उत्पादनले वर्षको छ महिनाभन्दा कम समय मात्र खाद्यान्न पुग्ने अवस्था छ । बाँकी समय जीविकोपार्जनका लागि भारततर्फ मजदुरी गर्न जानुपर्ने बाध्यता रहेको सञ्जालका संयोजक वलीले बताए । भूमि स्वामित्व नहुँदा कृषि क्षेत्रमा दीर्घकालीन लगानी गर्न नसकिएको र सिँचाइ सुविधाको अभावले खाद्य सुरक्षामा थप चुनौती सिर्जना भएको उनको भनाई छ । ज्ञापनपत्रमा बर्दिया राष्ट्रिय निकुञ्जबाट आउने वन्यजन्तुले कृषि बाली, पशुपन्छी तथा मानव जीवनमा समेत क्षति पुऱ्याउने गरेको उल्लेख गर्दै हाल लालपुर्जा भएका जग्गाधनीलाई मात्र क्षतिपूर्ति दिने व्यवस्थाले भूमिहीन तथा अव्यवस्थित बसोबासीहरू थप मारमा परेको जनाइएको छ ।

भूमि स्वामित्व प्राप्तिका लागि लाग्ने १० प्रतिशत कर गरिब तथा सीमान्तकृत परिवारका लागि ठूलो बोझ बनेको भन्दै त्यसमा सहुलियत दिन पनि माग गरिएको छ । पाँच रोपनी वा आठ कट्ठासम्मको जग्गामा पाँच प्रतिशत र सोभन्दा माथिको जग्गामा सात प्रतिशत कर कायम गर्नुपर्ने उनीहरूको माग छ । सञ्जालले भेरीगंगाका सम्पूर्ण भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको भूमि नापजाँच कार्य छ महिनाभित्र सम्पन्न गरी थप तीन महिनाभित्र जग्गाधनी पुर्जा वितरण गर्न माग गरेको छ । साथै वन्यजन्तु आक्रमणबाट मृत्यु हुने व्यक्तिका परिवारलाई एक महिनाभित्र कम्तीमा १० लाख रुपैयाँ राहत उपलब्ध गराउन तथा मृतकका १५ वर्षमुनिका बालबालिकालाई शिक्षा र स्वास्थ्यका लागि मासिक तीन हजार रुपैयाँ सहयोगको व्यवस्था गर्नुपर्ने मागसमेत गरिएको छ । ज्ञापनपत्रमा नेपालको संविधानले प्रत्याभूत गरेको खाद्य अधिकार, सामाजिक न्याय र सम्मानजनक जीवनयापनको अधिकार कार्यान्वयनका लागि भूमि स्वामित्व हस्तान्तरण प्रक्रियालाई उच्च प्राथमिकतामा राखी स्पष्ट समयसीमासहित कार्यान्वयन गर्न सरकारसँग आग्रह गरिएको छ ।

लागु औषध विरुद्धको अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा

लागू औषध होईन, उज्ज्वल भविष्य रोजौं



✍ कुमारबहादुर ढकाल

जुन २६ तारिखलाई लागू औषध बिरुद्धको अन्तर्राष्ट्रिय दिवसका रुपमा विश्वव्यापी तबरमा मनाउने चलन छ । यस सन्दर्भमा संयुक्त राष्ट्र संघीय संस्था UNODC ले हरेक वर्ष एउटा समसामयिक नारा तय गरेको हुन्छ । त्यसकै सार्थकताको निम्ति नेपाल लगायत सबै मुलुकले यो दिनमा बिशेष कार्यक्रम गरेर उक्त दिवस मनाउँदै आएकाछन् ।

यो बर्ष सन् २०२६ जुन २६ को नारा थीम

"World drug problem: persisting issues, new challenges, innovative responses." (विश्व लागू औषध समस्याः कायम रहेका मुद्धाहरु नयाँ चुनौतीहरु, नवीन समाधानहरु) भन्ने रहेकोछ ।

यसका चुनौतीहरु : उक्त दिवसले औंल्याएका प्रमुख नयाँ चुनौतीहरु यस प्रकार छन् :

१ सिन्थेटिक ड्रग्सको वृद्धि यसको उत्पादन सस्तो सजिलै बनाउन सकिने र पत्तालगाउन कठिन हुने भएकोले बजारमा तीब्ररुपमा बढदै गएको छ ।

२ ओपीओईड बजारमा परिवर्तन : हिरोइनको पुरानो प्रभुत्वलाई चुनौती दिदै नयाँ प्रकारका अबैध ओपीओइडहरु (अफीमजन्य पदार्थहरु) बढदैछन् ।

३ कोकेन उत्पादन, जबजस्ती र प्रयोगको निरन्तर वृद्धि ।

४ संगठीत अपराधी नेटवर्कको नयाँ र Sophisticated (उन्नत) तरिकाहरु

५ डिजीटल अवैध बजारको विस्तार इन्टरनेट र प्रविधि मार्फत ड्रग कारोबार समग्रमा लागू औषधको संख्या र प्रयोगकर्ता बढ्दै गएको स्थिति ।

६ समाधन : यो चुनौतीहरु समाधान गर्न यो दिवसले नवीन र समाधानहरुमा युवा समुदायमा जोखीम न्यूनीकरणका लागि अन्तराष्ट्रिय सहकार्यका लागि विश्व समुदायमा यो बर्ष २०२६ले विशेष जोड दिएको छ ।

७ सुझावः

उक्त उल्लेखित सिन्थेटिक ड्रग्सको दीर्घकालीन र अल्पकालिन रुपमा अत्यन्त खतरनाक असर हुने भएकाले यसले स्वास्थ्य समस्या देखिएमा तुरुन्तै चिकित्सक वा ड्रग हेलप्लाईनमासम्पर्क गर्नु पर्छ । किनकि यसले विश्वव्यापी रुपमा सार्वजनिक स्वास्थ्यलाई ठुलो चुनौती दिइरहेको बारे पनि उक्त संस्थाले औंल्याएको छ ।

यस दिवसले लागू औषध समस्यालाई स्वास्थ्य न्याय र समाजको दृष्टिकोणबाट सम्बोधन गर्न आव्हान समेत गर्दछ ।

नेपालको सुन्दर्भमा :

नेपालमा सरकारी तथा गैह्र सरकारी निकायले दावी गरे अनुसार हाल करीब डेढ लाख युवाहरु सिन्थेटिक तथा अफिमजन्य लागु औषधको कुलतमा क्रोनिक रुपमा फसेका छन् ।

लागु औषध दुर्व्यसनमा फसेका दुर्व्यसनीलाई सुधारमा ल्याउन नेपालमा करीब तीन सयको संख्यामा सुधारकर्मी युवाहरुले विभिन्न जिल्लामा जिल्ला प्रशासन कार्यालयको अनुमतिमा पुनर्स्थापना केन्द्रहरु (सुधार गृह) चलाईरहेकाछन् ।

नेपालमा सुधार केन्द्रहरुको छाता संगठनको रुपमा रीकभरिङ नेपालले आफ्नो कार्यलाई सुचारु गरी रहेको छ ।

उपचारको चुनौती :

नेपालमा सेवा निवृत्त बरिष्ठ प्रहरी उपरिक्षक बसन्त कुँवर द्वारा संचालित नार्कोनन नेपाल नामक संस्थाले एक बर्षे अबधिमा महँगो शुल्कमा उपचार गर्दछ । अन्य सबै सुधारगृहले ३-४ महिनाको अवधिमा मासिक २०-२५ हजारको शुल्क लिएर लागुपदार्थ तथा मादक पदार्थको दुर्व्यसनको कुलतमा फसेका व्यक्तिहरुलाई प्रायजसो बाह्र पाईलाको अभ्यासमा उपचार परामर्श, पुनर्स्थापना तथा सुधारमा ल्याउने गरेकाछन् ।

यसरी उपचार लिएका व्यक्तिहरु धेरैजसो बिभिन्न कारणले पुन : सेवनमा चिप्लने गरेकाछन् । उनीहरुलाई उपचार पश्चात लाञ्छना र भेदभाब नगरी पारिवारिक साथ सहयोगका साथै सरकारी निकायबाट समेत रोजगारीमूलक कार्यक्रम लागु गरेमा पुनः सेवन रोकथाम भएर सुधार कार्य सफल हुनेछ ।

लिफ्ट प्रविधिबाट कर्णालीको पानी गाउँमा



❐ काँक्रेविहार संवाददाता
मुगु, १० असार

लामो समयदेखि सिँचाइ सुविधाको अभाव झेल्दै आएको मुगुको रुगागाउँमा आधुनिक लिफ्ट सिँचाइ योजना निर्माण सुरु भएपछि स्थानीय किसान उत्साहित भएका छन् ।

कर्णाली नदीको पानी लिफ्ट प्रविधिमार्फत गाउँसम्म पुऱ्याउने तयारीसँगै खेतीयोग्य जमिनको सदुपयोग हुने र कृषि उत्पादनमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरिएको छ ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, मुगुले छायानाथ रारा नगरपालिका १३ स्थित रुगागाउँमा लिफ्ट सिँचाइ प्रणाली निर्माण थालेको हो ।

आयोजना अन्तर्गत कर्णाली नदीबाट करिब तिन सय ६० मिटर माथिसम्म पानी तानेर विशेष पोखरीमा सङ्कलन गरिनेछ । त्यसपछि उक्त पानी पाइपलाइनमार्फत गाउँका विभिन्न खेतबारीमा वितरण गरिने योजना रहेको छ ।

आयोजनाका सिनियर डिभिजन प्रमुख तेजनारायण महतोका अनुसार यस योजनाबाट रुगागाउँका ८८ घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् । उनले सिँचाइ सुविधा विस्तारसँगै कृषि उत्पादन बढ्ने, तरकारी खेतीको विकास हुने तथा स्थानीयको आयआर्जनमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरे ।

स्थानीय किसान रतन बडुवालले विगतमा सिँचाइको अभावका कारण गाउँका धेरै खेतीयोग्य जमिन बाँझै रहनुपरेको बताए । उनका अनुसार किसानहरू वर्षौंदेखि आकासे पानीमा निर्भर भएर खेती गर्न बाध्य थिए, जसले उत्पादनमा अस्थिरता ल्याउने गरेको थियो ।

अब लिफ्ट सिँचाइ योजना सञ्चालनमा आएपछि वर्षभरि विभिन्न तरकारी तथा खाद्यान्न बाली उत्पादन गर्न सहज हुने अपेक्षा गरिएको छ । उनले सिँचाइ सुविधा उपलब्ध भएपछि कृषिमा आत्मनिर्भर बन्ने आधार तयार हुने र युवाहरूलाई समेत कृषि पेशाप्रति आकर्षित गर्न सहयोग पुग्ने बताए ।

स्थानीयवासीले यस योजनालाई गाउँको कृषि विकासका लागि महत्वपूर्ण उपलब्धिका रूपमा लिएका छन् । एक करोड ७६ लाख ९१ हजार दुई सय ३५ रुपैयाँ लागतमा निर्माण हुने उक्त योजना सम्पन्न भएपछि रुगागाउँको कृषि क्षेत्रमा नयाँ सम्भावना सिर्जना हुने विश्वास गरिएको छ ।

आयोजना कार्यालयले यस योजनामार्फत कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा ग्रामीण जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुग्ने जनाएको छ ।

अवैध उत्खननमा चार ट्र्याक्टर नियन्त्रण



❐ काँक्रेविहार संवाददाता
डोल्पा, १० असार

स्डोल्पामा नदीजन्य पदार्थको अवैध उत्खनन तथा ओसारपसारमा संलग्न चार वटा ट्र्याक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार बुधबार राति करिब ११:३० बजे ठूलीभेरी नगरपालिका नौ स्थित ठूलीभेरी नदी किनारबाट अवैध रूपमा बालुवा तथा ढुंगा उत्खनन गरी जुफालतर्फ लैजाँदै गरेका ट्र्याक्टरहरूलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

प्रहरी चौकी कालागौंडाबाट खटिएको टोलीले ती ट्र्याक्टरहरूलाई रोक्दै नियन्त्रणमा लिएको जनाएको छ । नियन्त्रणमा लिइएका ट्र्याक्टरसहित चालकलाई आवश्यक कारबाहीका लागि ठूलीभेरी नगरपालिकाको कार्यालय जुफाल पठाइएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ ।

प्रहरी निरीक्षक तथा सूचना अधिकारी पदम रावलका अनुसार नियन्त्रणमा परेका चालकहरूमा ठूलीभेरी नगरपालिका आठ डाँगीबाडाका २२ वर्षीय शुशिल बुढा, २४ वर्षीय दिल विक, बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-२६ का २३ वर्षीय गोपाल सोती मगर र दाङ घोराही उपमहानगरपालिका सातका २१ वर्षीय पुष्कर खड्का रहेका छन् ।

जिल्ला प्रहरी कार्यालयले नदीजन्य पदार्थको अवैध उत्खनन, संकलन तथा ओसारपसार नियन्त्रणका लागि निगरानी तथा अनुगमनलाई अझ कडाइ गरिएको जनाएको छ ।

प्राकृतिक स्रोतको संरक्षण र कानुनी कार्यान्वयनका लागि यस्ता गतिविधि रोक्न निरन्तर कारबाही गरिने प्रहरीले जनाएको छ ।

तलिङ नदीमा ह्युमपाइप पुल निर्माण

❐ काँक्रेविहार संवाददाता
हुम्ला, १० असार

कैलाश मानसरोवर दर्शनका लागि प्रयोग हुने प्रमुख मार्गअन्तर्गत पर्ने हुम्लाको नाम्खा गाउँपालिका छ स्थित तलिङ नदीमा ह्युमपाइप बिछाएर अस्थायी पुल निर्माण गरिएको छ ।

बर्खायाममा नदीको बहाव बढ्ने र आवतजावतमा समस्या हुने अवस्थालाई ध्यानमा राखेर निर्माण गरिएको उक्त संरचनाले स्थानीय बासिन्दा, पर्यटक तथा सवारीसाधनलाई सहज यात्रा गर्न मद्दत पुऱ्याएको छ ।

लिमी क्षेत्र हुँदै मानसरोवर दर्शनका लागि जाने हजारौँ आन्तरिक तथा बाह्य पर्यटकले विगतमा तलिङ नदी पार गर्दा विभिन्न कठिनाइ भोग्दै आएका थिए ।

पक्की पुलको अभावमा सवारीसाधनलाई नदीभित्रैबाट वारपार गराउनुपर्ने अवस्था थियो । नदीमा पानीको बहाव बढेका बेला



गाडी फस्ने, यात्रु जोखिममा पर्ने र यात्रा अवरुद्ध हुने समस्या सामान्य जस्तै बनेको थियो ।

सञ्चार सुविधा कमजोर रहेको यस दुर्गम क्षेत्रमा समस्या पर्दा तत्काल उद्धार तथा समन्वय गर्न पनि कठिन हुने गरेको थियो ।

लिमीका वडाध्यक्ष पाल्जोर तामाङका अनुसार स्थानीयको लामो समयदेखिको मागलाई सम्बोधन गर्दै नाम्खा गाउँपालिकाको पहलमा तलिङ नदीमा आठ वटा ह्युमपाइप जडान गरी सडकलाई सञ्चालनयोग्य बनाइएको हो ।

यस संरचनाले हाल अस्थायी पुलको काम गरिरहेको छ । उनले अब लिमीका हल्जी, तिल र जाँग गाउँसँगै पर्यटकीय क्षेत्र लाप्चासम्म पुग्न सवारीसाधनलाई सहज भएको बताए । उक्त संरचना निर्माणका लागि प्रदेश सरकारले २६ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

गाउँपालिकाका उपाध्यक्ष तक्दिर लामाले मानसरोवर दर्शनका लागि आउने पर्यटकको सुविधालाई प्राथमिकता दिँदै काम सम्पन्न गरिएको जानकारी दिए ।

उनका अनुसार सडक पूर्वाधार सुधारसँगै पर्यटन प्रवर्द्धनमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

वैशाखदेखि जेठसम्मको अवधिमा मात्रै लिमी-लाप्चा नाकामार्फत करिब चार हजार एक सय पर्यटक मानसरोवर दर्शनका लागि आवतजावत गरेका छन् ।

स्थानीय सरकारका प्रतिनिधिले सल्ली-लिमी-लाप्चा सडकखण्डलाई थप स्तरोन्नति गर्न सके पर्यटन क्षेत्रको विकाससँगै स्थानीय अर्थतन्त्रमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

बिहीवार, ११ असार, २०८३
Thursday, 25 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

डुङ्गेश्वर स्वास्थ्य शाखालाई औषधि सहयोग



काँक्रेविहार संवाददाता

दैलेख, १० असार

डुङ्गेश्वर गाउँपालिका पाँचका समाजसेवी यामप्रसाद न्यौपानेले गाउँपालिकाको स्वास्थ्य शाखालाई विभिन्न अत्यावश्यक औषधि सहयोग गरेका छन् । स्थानीय नागरिकले सहज रूपमा स्वास्थ्य सेवा पाउन सकून् भन्ने उद्देश्यले उहाँले औषधि हस्तान्तरण गरेका हुन् ।

न्यौपानेले स्वास्थ्य क्षेत्रप्रति आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्दै निःस्वार्थ भावनाले औषधि सहयोग गरेको बताए । उनले स्वास्थ्य सेवा सुदृढीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि सामाजिक तथा स्वास्थ्य सम्बन्धी गतिविधिमा साथ दिने प्रतिबद्धता जनाए ।

डुङ्गेश्वर गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख लक्ष्मण खत्रीका अनुसार सहयोगस्वरूप आठ हजार ट्याब्लेट सिटामोल, तिन हजार ट्याब्लेट मेट्रोनिडाजोल, एक हजार आठ सय प्याकेट जीवनजल, एक हजार दुई सय ट्याब्लेट सिट्रिजिन तथा ९६ बोतल नर्मल सलाइन प्राप्त भएको छ ।

खत्रीले प्राप्त औषधिले स्वास्थ्य शाखामा देखिएको औषधि अभावलाई केही हदसम्म समाधान गर्ने र बिरामीको उपचारमा सहजता ल्याउने बताए । उनले अनुसार विशेषगरी ग्रामीण क्षेत्रका नागरिकलाई आवश्यक औषधि उपलब्ध गराउन यो सहयोग महत्वपूर्ण हुने छ ।

स्थानीयवासी तथा जनप्रतिनिधिले स्वास्थ्य क्षेत्रमा गरिएको यस सहयोगको प्रशंसा गर्दै समाजसेवी न्यौपानेप्रति आभार व्यक्त गरेका छन् । स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा निजी पहलबाट गरिएको सहयोगले समुदायमा सकारात्मक सन्देश दिएको र स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

३६ स्वास्थ्यकर्मीको सामूहिक राजीनामा



काँक्रेविहार संवाददाता

रूकुम पश्चिम, १० असार

जिल्लाको आठबिसकोट नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत ३६ जना करार स्वास्थ्यकर्मीले सामूहिक रूपमा राजीनामा दिएका छन् ।

सेवा सुविधा र श्रम अधिकार सम्बन्धी माग पूरा नभएको भन्दै उनीहरूले नगरपालिकामा राजीनामापत्र बुझाएका हुन् ।

स्वास्थ्यकर्मीहरूले बुधबार नगरपालिकामा सामूहिक रूपमा राजीनामा बुझाउँदै पटक-पटक ज्ञापनपत्र बुझाउँदा पनि आफ्ना माग सम्बोधन नभएको गुनासो गरेका छन् । उनीहरूले सेवा अवधि, सुविधा तथा कार्य वातावरणमा सुधार नआएको र उल्टै अपमानजनक व्यवहार भोग्नुपरेको बताएका छन् ।

यसअघि असार दुई गते उनीहरूले पाँच बुँदे मागसहित ज्ञापनपत्र बुझाएका थिए । माग पूरा नभए सामूहिक राजीनामा दिने चेतावनी पनि दिएका थिए ।

मागमा नेपाल सरकारको हालैको बजेट वक्तव्यअनुसार तलब स्केल तथा प्रोत्साहन भत्ता लागू गर्नुपर्ने, अतिरिक्त कामको भत्ता दिनुपर्ने, प्रयोगशालामा कार्यरत कर्मचारीलाई २५ प्रतिशत जोखिम भत्ता उपलब्ध गराउनुपर्ने, रात्रीकालीन सेवामा खटिने स्वास्थ्यकर्मीलाई नाइट भत्ता दिनुपर्ने र सबै करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नुपर्ने विषय समावेश छन् ।

स्वास्थ्यकर्मीहरूले माग सम्बोधनको सट्टा सम्बन्धित निकायबाट अपमानजनक अभिव्यक्ति आएको आरोपसमेत लगाएका छन् । उनीहरूले सम्मानजनक कार्य वातावरण नपाएको र अधिकार सुनिश्चित नभएको कारण राजीनामा दिन बाध्य भएको बताएका छन् । नगरपालिकाले भने यस विषयमा हालसम्म औपचारिक धारणा सार्वजनिक गरेको छैन । स्वास्थ्यकर्मीहरूको सामूहिक राजीनामापछि नगर क्षेत्रमा स्वास्थ्य सेवा प्रवाह प्रभावित हुने आशंका गरिएको छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/११

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री बालकुमारी चौधरी** धनी रहेको, **दर्ता नम्बर** ९५२४/०७९/०८० बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **चौधरी रेष्टुरेण्ट/सदीन आमा किराना पसल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/११

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री मनकला विष्ट** धनी रहेको, **दर्ता नम्बर** ५५८२/०७६/०७७ बाट **वीरेन्द्रनगर-२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **लक्ष्मी टेलर्स** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/११

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री हुममाया सयाल** धनी रहेको, **दर्ता नम्बर** ७८४५/०७७/०७८ बाट **गुर्भाकोट-२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **हुममाया कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/११

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री धनसरी सारू** धनी रहेको, **दर्ता नम्बर** ७८४८/०७७/०७८ बाट **गुर्भाकोट-२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **मिराज सारू कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)